प्रदेश सरकार

# अर्थ मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्याः ०७९/८०

चलानी नं.: 02

मितिः २०७९।४।१

विषयः आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

गण्डकी प्रदेश सभाबाट विनियोजन ऐन, २०७९ पारित भई प्रमाणीकरण भइ सकेको व्यहोरा अवगत गराउँदै आर्थिक वर्ष २०७९/८० का लागि तहाँ अन्तर्गत निकायमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पुरा हुने विश्वास लिएको छु। समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न गण्डकी प्रदेश सरकारको विनियोजन ऐन, २०७९, प्रदेश आर्थिक ऐन, २०७९, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, गण्डकी प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ लगायत प्रचलित कानूनी व्यवस्था अनिवार्य रूपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ विनियोजन ऐन, २०७९ को दफा १० को उपदफा (३) बमोजिम बजेट कार्यान्वयन सन्दर्भमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु गराउनुहुन अनुरोध गर्दछु।

## (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछन्।

२. आर्थिक वर्ष २०७९/८० को लागि स्वीकृत आयोजना/कार्यक्रम कार्यान्वयनका क्रममा अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिई विनियोजित रकम भन्दा बढि दायित्व सृजना गर्नु हुनेछैन। स्वीकृत बजेट भन्दा बढी



प्रशासन महाशाखा फोनः ०६१-४६७९३० | वित्त व्यवस्थापन महाशाखा फोनः ०६१-४६७६९६ | बजेट, योजना तथा कार्यक्रम महाशाखा फोनः ०६१-४६७६९८ | वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा फोनः ०६१-४६७६९६

दायित्व सृजना हुने गरी कार्यक्रम कार्यान्वयन गरेमा त्यसरी सृजना गरिएको दायित्वप्रति सम्बन्धित अधिकारी नै जिम्मेवार हुनुपर्नेछ। अर्थ मन्त्रालयबाट त्यस्तो दायित्व वापतको रकम निकासा हुनेछैन।

३. आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत कार्यक्रम तथा आयोजनामा विनियोजित रकमको परिधिभित्र रही सृजित दायित्व कुनै कारणवश भुक्तानी हुन नसकेको भएमा नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम भुक्तानी हुन नसक्नुको उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आर्थिक वर्ष २०७९/८० मा भुक्तानी दिने गरी म.ले.प.फारम नं. २२१ बमोजिम भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी तयार गरी सम्बन्धित लेखा ईकाइ कार्यालयबाट प्रमाणित गरेर मात्रै नियमानुसार आर्थिक वर्ष २०७९/८० मा भुक्तानी दिनुहुनेछ।

४. कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय वा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्रै विनियोजन ऐन, २०७९ को दफा ५(५) बमोजिम अर्थ मन्त्रालयमा सहमतिको लागि लेखि पठाउनुहुनेछ।

५. विनियोजन ऐन, २०७९ बमोजिम स्वीकृत कार्यक्रममा ऐ. ऐनको दफा ५(६) बमोजिम कुनै आयोजना तथा कार्यक्रम थप गरिने छैन। तर विपद् व्यवस्थापन, महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्यता, प्रदेश सरकारको आन्तरिक स्रोत वृद्धिमा सकरात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रम र नेपाल सरकारबाट थप भई आउने लगायतका कार्यक्रम तथा आयोजना थप गर्न बाधा पुर्‍याएको मानिने छैन।

६. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी कुनै कार्यक्रममा एकमुष्ट रकम विनियोजन भएको भए विनियोजन ऐन, २०७९ को दफा ७(३) बमोजिम बाँडफाँट गरी २०७९ असोज मसान्तभित्र स्वीकृतिका लागि प्रदेश अर्थ मन्त्रालयमा पठाउनुहुनेछ।

पत्र संख्याः

चलानी नं.:

७. नेपाल सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत प्राप्त कार्यक्रम तथा आयोजनालाई प्राथमिकता साथ कार्यान्वयन गर्नुहुनेछ। यस्ता अनुदानमा सञ्चालित कार्यक्रम तथा आयोजनाको छुट्टै प्रगति प्रतिवेदन पेश गर्नुहुनेछ।

८. स्वीकृत कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ। तर, राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

९. भविष्यमा वा चालु आर्थिक वर्षमा स्वीकृत बजेट भन्दा बढी दायित्व सृजना हुन सक्ने जुनसुकै विषयमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुहुनेछ।

१०. प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने संघ/संस्था वा निकायले आम्दानी/खर्चको विवरणसहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

११. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट कार्यक्रम बाडफाँट स्वीकृत गरी कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित खर्च शीर्षकबाट मात्रै खर्च गर्नुहुनेछ।

**ख. खर्चमा मितव्ययिता अपनाउने सम्बन्धमाः**

१२. पानी, विजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई स्वीकृत खर्चको मापदण्ड अनुसार खर्च गर्नु पर्नेछ।

१३. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने गरी कार्यक्रम आयोजना गर्नु हुनेछ।




प्रशासन महाशाखा | वित्त व्यवस्थापन महाशाखा | बजेट, योजना तथा कार्यक्रम महाशाखा | वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा

फोनः ०६१-४६७६९८ | फोनः ०६१-४६७६९६

१४. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तु खरिद नगरी मौजुदा सामाग्रीको मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर, खरिद नगर्ने नीति अवलम्बन गर्नु हुनेछ।

१५. कार्यालय प्रयोजनका लागि सकेसम्म प्रयोगमा नरहेका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नुहुनेछ। सरकारी भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्ग भन्दा अन्यत्र आधारभूत सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नुहुनेछ।

१६. चालु आर्थिक वर्षमा सरकारी सवारी साधन खरिद नगर्ने नीति लिनुहुनेछ। सरकारी सवारी साधन खरिद गर्नुपर्ने अत्यावश्यक अवस्थामा विद्युतीय सवारी साधन खरिदको लागि मात्रै अर्थ मन्त्रालयमा प्रस्ताव गर्नुहुनेछ।

१७. अर्थ मन्त्रालयको सहमतिमा आयोजना सञ्चालनको लागि आवश्यक प्राविधिक कर्मचारी तथा स्वास्थ्य सेवातर्फका चिकित्सक, नर्सिङ सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी, सार्वजनिक निकायका स्वीकृत दरबन्दीका कम्प्यूटर अपरेटर, कार्यालय सहयोगी, सवारी चालकको पद र वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका पद बाहेक आर्थिक दायित्व पर्ने गरी ज्यालादारी र करारमा कामकाजमा लगाउन पाइने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नुहुने छैन।

**(ग) रकमान्तर/खर्च गर्ने अख्तियारी सम्बन्धमाः**

१८. अनिवार्य दायित्वका तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका खर्च शीर्षकमा विनियोजित रकम अन्यत्र रकमान्तर गर्न पाइने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१९. पुँजिगत खर्च शीर्षकमा विनियोजन गरिएको रकम चालु खर्चतर्फका शीर्षकमा रकमान्तर गरिने छैन।

२०. विनियोजन ऐन, २०७९ को दफा ३(४) बमोजिम बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर हुनेछैन।

पत्र संख्याः
चलानी नं.:

२१. सरकारको निर्णय, प्राकृतिक विपत्ति, अर्थ मन्त्रालयबाट बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चित गरेका र गरिने आयोजना, अनिवार्य दायित्व बाहेक विनियोजन ऐन, २०७९ को दफा ३(५) बमोजिम २०७९ फागुन मसान्तसम्म कुनैपनि रकमान्तर गरिने छैन। रकमान्तर गर्दा रकमान्तर गरी थप गरिने आयोजना/कार्यक्रममा सुरु विनियोजित रकमको शत प्रतिशत भन्दा बढी रकम रकमान्तर गरिने छैन। तर नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त भएका कार्यक्रम तथा आयोजनाको हकमा भने वित्तीय हस्तान्तरण भई आए बमोजिम नै हुनेछ।

२२. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धित एकिकृत कार्यविधि, २०७७ को दफा ५(६) बमोजिम कम्तिमा २० प्रतिशत रकम विनियोजन नभएका आयोजना वा कार्यक्रमलाई बहुवर्षीय आयोजनाको लागि प्रस्ताव गर्नु परेमा अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिई प्रस्ताव गर्न सकिनेछ।

२३. रकमान्तर माग गर्दा बजेट घटाउने कार्यक्रमको लागि सम्बन्धित लेखा इकाइ कार्यालयबाट बजेट रोक्का राखी अर्थ मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा रकमान्तर माग गर्नुपर्नेछ।

### (घ) कार्ययोजना निर्माण सम्बन्धमा

२४. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३ बमोजिम वार्षिक कार्ययोजना तयार गर्नुहुनेछ।

२५. आयोजना तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने स्वीकृत कार्यविधि बमोजिमको थप कार्यविधि, निर्देशिका र नियमावली तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति र संरचना सहितको व्यवस्था मिलाउनुहुनेछ।

२६. बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना/कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रकृया पुरा गर्दै २०७९ कात्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी कार्य सुरु गर्न कायदेश दिने व्यवस्था मिलाउनुहुनेछ।

२७. सालबसाली आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता गर्दा २०८० असार १५ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता गर्ने व्यवस्था मिलाई आयोजनाको अनुगमन, मुल्याङ्कन, प्रतिवेदन तथा भुक्तानीको व्यवस्था नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० बमोजिम गराउनुहुनेछ।

२८. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४ को उपदफा (३) बमोजिम आयोजना तथा कार्यक्रम र बजेट कार्यान्वयनको सूचक निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम कार्यान्वयनको वित्तीय र भौतिक प्रगति विवरण अर्थ मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा हरेक महिनाको ७ गते भित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थ मन्त्रालयमा प्रतिवेदन पठाउने व्यवस्था मिलाउनुहुनेछ।

आर्थिक वर्ष २०७९/८० को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website www.mof.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(बैकुण्ठ प्रसाद अर्याल)
प्रदेश सचिव

श्री,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
गण्डकी प्रदेश।

**संलग्नः**
विनियोजन ऐन, २०७९

**बोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश।



प्रशासन महाशाखा फोनः ०६१-४६७९३०
वित्त व्यवस्थापन महाशाखा फोनः ०६१-४६७६९६
बजेट, योजना तथा कार्यक्रम महाशाखा फोनः ०६१-४६७६९८
वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा फोनः ०६१-४६७६९६